नेपाल सरकार
गृह मन्त्रालय
# नेपाल हज समितिको सचिवालय
सिंहदरबार
काठमाडौं, नेपाल

पत्र संख्याः
चलानी नं.:

# सूचना ! सूचना !!

सन् २०२२ मा हुने हज यात्राको लागि छनौट हुनु भएका आवेदकहरूको हज भिषा आवेदन गर्न Covid -19 विरूद्ध लगाएको खोपको QR Code सहितको प्रमाणपत्र अनिवार्य भएको हुँदा आवेदकले नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको https://vaccine.mohp.gov.np मा अनलाइन फारम भरी Covie-19 को पूर्ण खोपको विद्युतीय प्रमाणिकरण प्रमाणपत्र सम्बन्धित जिल्ला प्रशासन कार्यालयमा वा यस सचिवालयको इमेल ठेगानाः nepalhaj@gmail.com मार्फत बुझाउनुहुन तथा हाल सम्म राहदानी नबुझाउनु भएका आवेदहरूले आफ्नो सक्कलै राहदानी सम्बन्धित जिल्ला प्रशासन कार्यालयमा मिति २०७९।०२।२३ भित्र बुझाउनु हुन सम्बन्धित सबैको लागि सूचित गरिन्छ ।

(शोभाकर न्यौपाने)
शाखा अधिकृत

नेपाल सरकार

गृह मन्त्रालय

# नेपाल हज समिति

सिंहदरबार, काठमाडौं

## सन् २०२२ को हज शुल्क जम्मा गर्ने सम्बन्धी सूचना

नेपाल हज समितिको हज उपसमितिको मिति २०७९।०२।१५ गते बसेको बैठकले सन् २०२२ को हजका
लागि साउदी अरब सरकारबाट मोअल्लिम लगायतका विषयहरूमा लाग्ने भनी प्राप्त प्रति व्यक्ति
७०७३.२२SAR, खाना बापत प्रति व्यक्ति ११७३SAR, घरभाडा बापत प्रति व्यक्ति ३४८०SAR र विविध
खर्च वापत २००SAR गरी जम्मा ११९२६.२२SAR को नेपाली रू. ३,९५,५९२।७२ र हवाइ भाडा
रू.६७,८०० गरी जम्मा प्रति हज यात्रु नेपाली रकम रू.४,६३,३९२।७२(रूपैया चार लाख त्रीसठ्ठी हजार तीन
सय बयाननब्बे र पैसा बहत्तर मात्र) लाग्ने भएकोले पुराना आवेदकहरूले पहिले जम्मा गरेको रकम कट्टा गरी
नेपाल हज समितिको राष्ट्रिय वाणिज्य बैंकको चल्ती खाता नं.११३००००३९६०१ वा मेघा बैंक लि.को
चल्ती खाता नं. ००१००१०८३८३८१ मा जम्मा गरी सक्कल भौचर सम्बन्धित जिल्ला प्रशासन
कार्यालयमा सूचना प्रकाशित भएको मिति देखि मिति २०७९।०२।२३ गते भित्र बुझाउनुहुन अनुरोध छ।

**नोटः यस सूचनामा उल्लेख गरिएको साउदी रियालको नेपाली रकम नेपाल राष्ट्र बैंकको मिति
२०७९।०२।१५ को बिनिमय दर रू. ३३.१७ प्रति SAR का दरले निकालिएको छ। कुनै अन्य
कारणले जम्मा हज शुल्कमा परिवर्तन हुन गएमा पुनः सूचना मार्फत जानकारी गराईनेछ।**

नेपाल सरकार
गृह मन्त्रालय
नेपाल हज समितिको सचिवालय

फोन नं.०१-४२११११०४
ईमेलः nepalhaj@gmail.com
वेवसाइटःnepalhajj.moha.gov.np
*सिंहदरवार, काठमाडौं।*

प.सं.: ०७८/७९
च.नं.: २१९

मितिः२०७९।०२।१६

विषयः- आवेदक छनौट तथा हज शुल्क सम्बन्धमा ।

श्री जिल्ला प्रशासन कार्यालय, अर्घाखाँची, कपिलवस्तु, काठमाडौं, कास्की, गोरखा, झापा, दाङ्, धनुषा, नवलपरासी सुस्ता पश्चिम,नुवाकोट, पर्सा, पाल्पा, बर्दिया, बाँके, बारा, मोरङ्, महोत्तरी, रूपन्देही, रौतहट, सप्तरी, सर्लाही, सिराहा, सुनसरी, सुर्खेत र स्याङ्जा ।

सन् २०२२ को हज यात्राको लागि नेपाल हज समितिको मिति २०७९/०१/१८ गतेको गोरखापत्र दैनिकमा प्रकाशित सूचना बमोजिम तहाँ जिल्ला प्रशासन कार्यालयबाट दरखास्त दिनुहुने पुराना आवेदकहरू (सन् २०२० र अगाडिका वर्षहरूमा आवेदन दिई जान नपाएका आवेदहरू) को छनौटको सूची यसै साथ संलग्न रहेको छ । संलग्न सूचीका आवेदहरूको सन् २०२२ को लागि नेपाल हज समितिको निर्णयानुसार मिति २०७९।०२।१६ गतेको गोरखापत्रमा प्रकाशित सूचना बमोजिमको हज शुल्क बुझाएको बैंकको सक्कल भौचर लिई सो भौचरलाई HMIS मा इन्ट्री गरिदिनुहुन आदेशानुसार अनुरोध छ ।

साथै सन् २०२० र अगाडिका वर्षहरूमा हजको लागि आवेदन दिँदा राहदानी यस सचिवालयमा नबुझाउनु भएका आवेदहरूको सक्कल राहदानी बुझिदिनुहुन अनुरोध छ ।

(शोभाकर न्यौपाने)
शाखा अधिकृत